पाँच

# गैरन्यायिक हत्या र मधेसमा न्याय

**रामविकास चौधरी**

## प्रारम्भ

नेपाली जनताले राजनीतिक आन्दोलनका धेरै उतारचढाव देखेका-भोगेका छन् । ती राजनीतिक आन्दोलनमा सुरक्षा-व्यवस्था कायम गर्ने नाममा सरकारी सुरक्षा निकायबाट अँगालिएका तौर-तरिकामध्ये एक हो गैरन्यायिक हत्या । नेपाल सरकार र तत्कालीन नेपाल कम्यूनिष्ट पार्टी (नेकपा) माओवादीबीच भएको एक दशक लामो सशस्त्र युद्धमा गैरन्यायिक हत्यालाई महत्त्वपूर्ण औजारको रूपमा दुवै पक्षले लिएको देखिन्छ । सरकारी सुरक्षा निकायले माओवादी विद्रोही र जनतालाई तह लगाउन तथा माओवादी विद्रोहीले सुरक्षाकर्मी र सर्वसाधारणलाई ठेगान लगाउन गैरन्यायिक हत्याको उपाय प्रयोग गरेको देखिन्छ । यस्तो गैरन्यायिक हत्याको विधि दश वर्षे सशस्त्र द्वन्द्वको समाप्तिको घोषणा पश्चात् पनि प्रयोग गर्ने क्रम रोकिएको देखिँदैन ।

सशस्त्र संघर्ष र हिंसापछि देशमा लोकतान्त्रिक गणतन्त्र संस्थागत हुने र विश्वव्यापी मानवअधिकार नेपालमा पनि बहाली हुने क्रममा छ । संयुक्त राष्ट्र संघबाट पारित मानवअधिकार सम्बन्धी नौ ओटा महासन्धिमध्ये सात ओटा महासन्धिको नेपाल पक्ष राष्ट्र भइसकेको छ । नेपालले नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध सन् १९९१ पनि अनुमोदन गरिसकेको छ, जसको धारा ६ मा नागरिकको बाँच्न पाउने अधिकारको व्यवस्था गरिएको छ । सुरक्षा व्यवस्था कायम गर्न गैरकानूनी हत्यालाई महत्त्वपूर्ण औजारको रूपमा प्रयोग गरिँदा नागरिकको बाँच्न पाउने अधिकार हनन् हुन्छ । दश वर्षे सशस्त्र द्वन्द्वपछि पनि नेपाली राज्यबाट तराई मधेसमा नागरिकको बाँच्न पाउने

अधिकार हननको समस्या देखिएको छ । बढ्दो गैरन्यायिक हत्याले गर्दा रुपन्देही लगायतका मधेस क्षेत्रका युवामा भयको वातावरण सिर्जना भएको छ ।

कानून व्यवस्थाकै रक्षकबाट दोहोरो भिडन्त (इन्काउन्टर) को नाममा रुपन्देही जिल्लामा कानून विपरीत भएका हत्यालाई नियाल्दा देखिने अवस्था उपर यो लेख केन्द्रित छ । यस लेखलाई पूर्णता दिन गैरन्यायिक (राज्यद्वारा) हत्याका घटना अध्ययन, घटनास्थल अनुगमन, र पीडित पक्ष तथा सम्बन्धित निकायका तत्कालीन प्रहरी प्रमुखसँग गरिएको अन्तर्वार्तालाई प्रयोग गरिएको छ । घटनाका साक्षी, प्रत्यक्षदर्शीका बयान र अनुसन्धानका सिलसिलामा सम्बन्धित क्षेत्रमा कार्यरत मानवअधिकारकर्मी, पत्रकार लगायत राष्ट्रिय मानवअधिकार आयोगसँग गरिएको छलफललाई समेत यस लेखमा समावेश गरिएको छ । यस्ता हत्याका घटनामा वृद्धि भइरहँदा भएका कानूनी कारबाही र त्यस सम्बन्धी अदालतका निर्णय समेत यसमा समेटिएका छन् । मधेसी नागरिक समाज, मधेसवादी नेता र पीडितका मनोभावना तथा विचारलाई विश्लेषण गर्दै यस लेखमा तथ्य प्रस्तुत गर्ने प्रयास गरिएको छ ।

## पृष्ठभूमि

राजनीतिक परिवर्तनका लागि भएका विभिन्न आन्दोलनमा रुपन्देहीको भूमिका महत्त्वपूर्ण र प्रभावशाली देखिन्छ । यसैका उदाहरण हुन्, जहानियाँ राणा शासन विरुद्ध के.आई. सिंहको नेतृत्वमा २००७ सालमा भएको आन्दोलन र सामाजिक परिवर्तन, २०३७ सालको जनमत संग्रहमा बहुदलीय व्यवस्थाको पक्षमा बहुमत, २०४६ साल र २०६२–२०६३ सालको आन्दोलनमा उर्लिएको जनसागर ।

देशमा आफ्नो आधिपत्यलाई निरन्तरता दिन तथा सत्तामा आफ्नो वर्चस्व स्थापित राख्न इतिहासका विभिन्न कालखण्डमा सरकार र प्रहरी प्रशासनले सबै जसो परिवर्तनमाथि हिंसात्मक दमन गरेको पाइन्छ । २०१७ सालमा पञ्चायती व्यवस्थाको स्थापना कालदेखि नै रुपन्देहीमा गैरन्यायिक हत्या हुने गरेको इतिहास छ । २०२१ सालमा मधेसवादी नेता रघुनाथ राय र लुदुर कहारको हत्या तथा २०२२ मा सत्यदेवमणि त्रिपाठीको हत्या प्रहरी नियन्त्रणमा भएको बताइन्छ ।[१] आफ्ना बुबा सत्यदेवमणि त्रिपाठीलाई भारतको सीमावर्ती शहर नवतनवाबाट नेपाल प्रहरीका तत्कालीन जवान जगदीश त्रिपाठी र जनार्दन मिश्रले समातेर ल्याई दिनदहाडै हत्या गरेको रुपन्देहीको कोटहीमाई गाउँपालिका वडा नं. ७ मझगावा बस्ने छोरा गणेशमणि त्रिपाठीको दाबी छ ।[२]

[१] कोटहीमाई गाउँपालिका अध्यक्ष यादव चन्द्रभूषणसँग जेठ १९, २०७५ मा गरिएको कुराकानी ।

[२] त्रिपाठीसँग कोटहीमाई गाउँपालिका-५ स्थित प्रकाश मिष्ठान्न एण्ड चिया पसलमा असार १, २०७५ मा गरिएको कुराकानी ।

दश वर्षे लामो द्वन्द्व पश्चात् मंसिर ५, २०६३ मा नेपाल सरकार र माओवादी विद्रोहीबीच बृहत् शान्ति सम्झौता भयो, तर देश र जनताले शान्ति र लोकतन्त्रको अनुभूति गर्न पाएनन्। अन्तरिम संविधान २०६३ मा आफ्ना अधिकार स्थापित गराउन विभिन्न आन्दोलन हुन थाले। यसै क्रममा सदियौँदेखि विभेद र वञ्चितीकरणमा परेको बताउँदै अधिकारका लागि सिंगो मधेस आन्दोलित हुन पुग्यो। २०६४ सालमा भएको मधेस विद्रोहको शुरूआती चरणमै दमनमा उत्रेको सरकार पक्षबाट ६० जना मधेसी विद्रोही र आम जनता, जसमध्ये नेपाल सरकारले पटक-पटक गरी ४८ जनालाई शहीद घोषणाको सिफारिस गरेको थियो भने १२ जना बेपत्ताको सूचीमा थिए।[३] विद्रोहमा उत्रेका मध्ये कैयनलाई शारीरिक तथा मानसिक रूपमा अपांग बनाइए भने कैयनमाथि विभिन्न मुद्दा लादिए। यसै क्रममा मधेसी जनताका अधिकार प्राप्तिका लागि भन्दै शान्तिपूर्ण विद्रोहभन्दा फरक बाटो समात्ने मधेसी सशस्त्र समूह च्याउ जस्तै उम्रिए। अनेक सशस्त्र समूह जन्मिएपछि मधेसी आन्दोलनकारी र विद्रोहीमाथि दमन गर्न सरकारले बलियो आधार भेट्टायो। त्यसैको परिणाम स्वरूप मधेसी युवाहरूको गैरन्यायिक हत्या तीव्र भयो।

समाजमा सुरक्षा व्यवस्था कायम गर्न अपराध अनुरूपको कानूनी सजायको व्यवस्था छ, तर लोकतन्त्र, शान्ति र राज्य पुनर्संरचनाका लागि जनआन्दोलनको अगुवाइ गरेका राजनीतिक दलले चलाएको राज्यले पनि संविधान र कानून विपरीत दमनकारी बाटो अँगालेको पाइन्छ। मेरो अध्ययन अनुसार बृहत् शान्ति सम्झौतापछि २०७५ पुस मसान्त सम्ममा रुपन्देहीमा मात्र सुरक्षा निकाय, भूमिगत सशस्त्र समूह तथा मधेस आन्दोलनका क्रममा समेत गरी ३८ जनाको हत्या भइसकेको छ। जसमध्ये राज्य पक्षबाट १५ जना, राजनीतिक प्रतिशोधका लागि गैरराज्य पक्षबाट १२ जना र मधेस आन्दोलनका क्रममा ११ जनाको गैरन्यायिक हत्या भएको थियो।

## लोकतान्त्रिक गणतन्त्रमा रुपन्देहीमा गैरन्यायिक हत्या

नेपालको इतिहासमा बृहत् शान्ति सम्झौता पश्चात् तराई मधेसको रुपन्देही जिल्लामा गैरन्यायिक हत्याको क्रम बढेको छ। मानवअधिकारका क्षेत्रमा क्रियाशील विभिन्न संघसंस्थाले अध्ययन गरे अनुसार यस जिल्लामा माघ २७, २०६५ देखि पुस २०७५ सम्म १५ जनाभन्दा बढीको गैरन्यायिक हत्या भएको छ (हेर्नुहोस्, तालिका १)। कहिले दोहोरो भिडन्तका नाममा त कहिले विद्रोहीमाथि दमनको निहुँमा भएका ती हिंसात्मक घटनामा कानून र न्यायको अभाव देखिनाले तिनलाई राज्यबाट नियोजित रूपमा गरिएका गैरन्यायिक हत्या मानिएको हो। भदौ २९, २०७२ मा मधेस अन्दोलनका क्रममा भैरहवा-लुम्बिनी

[३] हेर्नुहोस्, शान्ति तथा पुनर्निर्माण मन्त्रालय, द्वन्द्व व्यवस्थापन महाशाखा, काठमाडौंको पत्र संख्या ०६८/६९ को चलानी नं. ४१।

## तालिका १ : गैरन्यायिक हत्या गरिएका व्यक्तिहरूको विवरण

| क्र.सं. | मृतकको नाम (उमेर) | ठेगाना | घटनास्थल | घटना मिति | घटना गराउने / जिम्मेवारी लिने पक्ष | मृतकको आबद्धता |
|---|---|---|---|---|---|---|
| १ | बब्लु भन्ने अख्तर अली मुसलमान (२८) | सि.न.पा.-६ पिपरहिया, रुपन्देही | सि.न.पा.-६ पिपरहियास्थित मृतकको आफ्नै सुत्ने कोठा | जेठ ३१, २०६५, राति १०:३० बजे | जि.प्र.का. रुपन्देहीबाट खटिएको घुमुवा प्रहरी टोली | माओवादीबाट राजनीति गरेका अख्तर मधेस आन्दोलनमा सक्रिय हुँदै संयुक्त जनतान्त्रिक मुक्ति मोर्चाका जिल्ला अध्यक्ष रहेको प्रहरीको भनाइ |
| २ | सहाबुद्दीन मुसलमान (३२) | सि.न.पा.-३, खजहना, रुपन्देही | रोहिणी-३ स्थित रोहिणी खोलाको पुल नजिक | माघ २७, २०६५, राति | जिल्ला प्रहरी कार्यालय रुपन्देहीबाट खटिएको प्रहरी गस्ती टोली | रा.प्र.पा. निकटका मानिने सहाबुद्दीन मुसलमान रुपन्देहीमा माओवादी प्रतिकार समिति हुँदै मधेस आन्दोलनमा सक्रिय भएपछि अखिल तराई मुक्ति मोर्चासित आबद्ध रही चन्दा आतंक मच्चाएको प्रहरीको भनाइ |
| ३ | ध्रुवराज मिश्र (३१) | मायादेवी-१, हाटीबनगाई, रुपन्देही | रोहिणी-३ स्थित रोहिणी खोलाको पुल नजिक | माघ २७, २०६५, राति | जिल्ला प्रहरी कार्यालय रुपन्देहीबाट खटिएको प्रहरी गस्ती टोली | माओवादीबाट राजनीति थालेका मिश्र मधेशी जनअधिकार फोरमबाट मधेस आन्दोलनमा सक्रिय हुँदै अखिल तराई जनतान्त्रिक मुक्ति मोर्चासँग आबद्ध रही चन्दा आतंकमा संलग्न रहेको प्रहरीको भनाइ |
| ४ | रामबलि चौहान (३०) | मायादेवी-६ मोतिपुर, रुपन्देही | रोहिणी-३ स्थित रोहिणी खोलाको पुल नजिक | फागुन १५, २०६५, दिउँसो ११ बजे | जि.प्र.का. रुपन्देहीबाट खटिएको प्रहरी गस्ती टोली | माओवादीबाट राजनीति गरेका रामबलि मधेस आन्दोलनमा फोरमबाट सक्रिय हुँदै मधेशी मुक्ति टाइगर्सका परासी जिल्ला इन्चार्ज भएर चन्दा आतंक मच्चाएको प्रहरीको भनाइ |

| क्र.सं. | मृतकको नाम (उमेर) | ठेगाना | घटनास्थल | घटना मिति | घटना गराउने / जिम्मेवारी लिने पक्ष | मृतकको आबद्धता |
|---|---|---|---|---|---|---|
| ५ | अब्दुल सहीदुल्लाह देवान (२८) | सम्मरीमाई-७, भैसागहन, रुपन्देही | कोटहीमाई-७, परसहवास्थित बगैचा | कात्तिक ९, २०६६, दिउँसो करिब ११:३० बजे | प्रहरी चौकी बेथरीबाट खटिएको प्रहरी टोली | रा.प्र.पा. हुँदै मधेसवादी आन्दोलनमा सक्रिय भएपछि अखिल तराई मुक्ति मोर्चासँग आबद्ध रही चन्दा आतंक मच्चाएको प्रहरीको भनाइ |
| ६ | धर्मेन्द्र बरई (१५) | मायादेवी-६, पुरैनी, रुपन्देही | मायादेवी गाउँपालिकास्थित प्रहरी चौकी शिवपुर खजुरियाको हिरासत कक्षमा | असार १९, २०६७, शनिबार | प्रहरी चौकी शिवपुर खजुरिया | सर्वसाधारण |
| ७ | सैतानसिंह (प्रबल) भन्ने इस्तियाक अहमद पठान (३२) | सि.न.पा.-१, बेलहिया, रुपन्देही | मायादेवी-३ स्थित भैरहवा-लुम्बिनी सडक खण्डमा पर्ने दानवनदी पुलको किनारमा | असोज ९, २०६७, राति करिब ९ बजे | प्रहरी चौकी बेथरीबाट खटिएको प्रहरी टोली | माओवादीबाट राजनीति गरेका इस्तियाक फोरम हुँदै अखिल तराई जनतान्त्रिक मोर्चाका केन्द्रीय सदस्य रहेका बखत अपहरण, हत्या, विस्फोट र चन्दा आतंकमा संलग्न रहेको प्रहरीको भनाइ |
| ८ | हरिकेश यादव (२८) | ग्राम बडहरा, जिला सिद्धार्थनगर, उत्तर प्रदेश, भारत | सम्मरीमाई-१ हडबडहवा स्थित नेपाल-भारतको सीमाना नजिक | कात्तिक ११, २०६७, बिहान करिब ८ बजे | सम्मरीमाई गाउँपालिका-१ स्थित प्रहरी चौकी मुडिला-करौता | भारतीय नागरिक, सर्वसाधारण |

| क्र.सं. | मृतकको नाम (उमेर) | ठेगाना | घटनास्थल | घटना मिति | घटना गराउने / जिम्मेवारी लिने पक्ष | मृतकको आबद्धता |
|---|---|---|---|---|---|---|
| ९ | भवानी सिंह भन्ने कृपाकान्त साह (३०) | सि.न.पा.-३, दरखसवा, रुपन्देही | मायादेवी-३ स्थित हीरा इँटा भट्टा नजिक | फागुन २२, २०६७, राति करिब ११:३० बजे | इ.प्र.का. लुम्बिनीबाट खटिएको प्रहरी टोली | माओवादीको मधेशी मुक्ति मोर्चाबाट राजनीति गरेका साह पछि जनतान्त्रिक तराई मधेश मुक्ति पार्टी (भगत सिंह)का रुपन्देही इन्चार्ज रही आगजनी, विष्फोट र चन्दा आतंकमा संलग्न रहेको प्रहरीको भनाइ |
| १० | सूर्यप्रकाश शुक्ल (३२) | ग्राम बरदहवा, जिला सिद्धार्थनगर, उत्तर प्रदेश, भारत | मायादेवी-३ स्थित हीरा इट्टा भट्टा नजिक | फागुन २२, २०६७, राति करिब ११:३० बजे | इ.प्र.का. लुम्बिनीबाट खटिएको प्रहरी टोली | भारतीय काँग्रेसका कार्यकर्ता र एल.आई.सी. एजेन्ट |
| ११ | सम्राट भन्ने अनील चमार (२७) | सुनवल नगरपालिका-९, स्वाठी, नवलपरासी | रोहिणी-३, बैकुण्ठपुर स्थित रोहिणी खोला पुलको नजिक | वैशाख १५, २०६८, राति करिब १२ बजे | इ.प्र.का. धकधईबाट खटिएको प्रहरी टोली | माओवादीबाट राजनीति थालेका चमार मधेस आन्दोलनमा सक्रिय भएपछि अखिल तराई मुक्ति मोर्चा (गोइत) समूहका परासी इन्चार्ज थिए |
| १२ | राम सेवक धोबी (२८) | सम्मरीमाई-६, परसहवा, रुपन्देही | सम्मरीमाई-६ स्थित ई.प्र.का. मर्चवार | साउन २७, २०६८ | इ.प्र.का मर्चवार | सर्वसाधारण, मजदुर |

| क्र.सं. | मृतकको नाम (उमेर) | ठेगाना | घटनास्थल | घटना मिति | घटना गराउने / जिम्मेवारी लिने पक्ष | मृतकको आबद्धता |
|---|---|---|---|---|---|---|
| १३ | मनोज पुन (२९) | देवदह नगरपालिका खैरेनी, रुपन्देही | देवदह नगरपालिका-४, भवानीपुर | फागुन ९, २०७४, बुधबार बिहान ३:३० बजे | केन्द्रीय अनुसन्धान ब्यूरोबाट खटिएको प्रहरी टोली | माओवादीको योङ कम्युनिस्ट लिगबाट राजनीति थालेका पुन पछि एमालेको युथ फोर्स रुपन्देही, निर्वाचन कमिटी क्षेत्र नं. १ का कोषाध्यक्ष; एमाले नेता दुर्गा तिवारीको हत्याको जिम्मा लिएपछि उनी प्रहरीको मोष्ट वान्टेड सूचीमा थिए |
| १४ | सोम आले (२७) | सिद्धार्थनगर नगरपालिका-१३, शान्तिनगर, रुपन्देही | देवदह नगरपालिका-४, भवानीपुर | फागुन ९, २०७४, बुधबार बिहान ३:३० बजे | केन्द्रीय अनुसन्धान ब्यूरोबाट खटिएको प्रहरी टोली | प्रहरीको खोजी सूची वा अन्य कुनै आबद्धता नदेखिएका आले मनोज पुनको सहयोगीका रूपमा रहेको प्रहरीको भनाइ |
| १५ | केदार सहानी (३५) | सिद्धार्थनगर नगरपालिका-६, गल्लामण्डी, रुपन्देही | सिद्धार्थनगर नगरपालिका-१०, शंकरपुर | पुस २८, २०७५, शनिबार राति १२:०० बजे | जिल्ला प्रहरी कार्यालय रुपन्देहीबाट खटिएको सादा पोसाकमा रहेको गस्ती टोली | माओवादीबाट राजनीति गरेका सहानी मधेस आन्दोलनमा सक्रिय भएपछि जनतान्त्रिक मुक्ति मोर्चा आजाद समूहसँग आबद्ध रही हत्या लुटपाट, आगजनी र अपहरणका घटनामा संलग्न रहेको प्रहरीको भनाइ |

*स्रोत : माहुरी होम कपिलवस्तुमा उपलब्ध दस्तावेज; इन्सेक (सन् २००९, सन् २०१०, सन् २०११, सन् २०१२, सन् २०१८ ); मानवअधिकार तथा शान्ति समाजमा उपलब्ध दस्तावेज; तथा लेखकको व्यक्तिगत अध्ययन ।*

सडक खण्डस्थित व्यस्त बेथरी बजारलाई घेरा हाली प्रहरीले गोली चलाउँदा ६ जना निशस्त्र र निर्दोष हटियामध्ये चार जनाको तत्काल तथा दुई जनाको उपचारका क्रममा मृत्यु भएको थियो ।[४] यसअघि भदौ ३ गते चार जना मधेसी आन्दोलनकारीलाई रुपन्देहीको सदरमुकाम भैरहवा र बेलहियामा सादा पोशाकका प्रहरीले कुटेर हत्या गरेको प्रत्यक्षदर्शी रविकान्त उपाध्यायको भनाइ छ ।[५] सरकारले राजनीतिक प्रतिशोध लिन र राज्य व्यवस्था निर्धक्कसँग सञ्चालन गर्न रुपन्देही लगायत तराई मधेसमा गैरन्यायिक हत्या गर्दै आएको तराई मानवअधिकार सञ्जालका रुपन्देही संयोजक अग्नि शक्ति यादवको दाबी छ ।[६]

## न्याय र कानून बिनाको डण्डा

“आफ्नै छोरा जस्तो ठानेर आँगनमा आएका प्रहरीलाई पानी खान दिएँ । तिर्खा मेटाएको गुन तिर्नुको साटो तिनै प्रहरीले मेरो छोराको ज्यान लिए ।” गहभरि आँसु पार्दै मायादेवी-६ शिवपुर, पुरैनीकी ६० वर्षीय विद्यावती बरई भन्छिन्, “मेरो छोरा मार्नेलाई म त्यसै छोड्दिनँ । म आमा चाहिँको सरापले उनको जहान सिध्याउँछ ।”[७]

असार १९, २०६७ शनिबार राति प्रहरी चौकी शिवपुर, खजुरियाको हिरासतमा राखिएका १५ वर्षीय धर्मेन्द्र बरईको अचानक मृत्यु भएको थियो । नाबालक बरईलाई शंकाको आधारमा पक्राउ गरी अनुसन्धानको क्रममा प्रहरी चौकीको हिरासतमा राखिएको थियो । अघिल्लो साँझ सडक दुर्घटनामा परेर सोही ठाउँ बस्ने ५५ वर्षीय रामकेश कहारको मृत्यु भएको थियो । भैरहवाबाट कहारसँगै घर फर्किरहेका स्थानीय परशुराम पासीको मौखिक उजुरीका आधारमा अनुसन्धानका लागि भन्दै प्रहरीले बरईलाई हिरासतमा लिएको थियो ।

हरिराम बरई आफ्नो छोरो छुटाउन त्यही दिन आफन्त र छिमेकी सहित प्रहरी चौकी शिवपुर खजुरिया पुगेका थिए, तर उनीहरू रित्तो हात फर्कनुपर्‍यो । “तपाईँको छोरा मेरो छोरा जस्तै त हो, आज जानुस्, भोलि बिहान आउनुस्, चौकी प्रमुख प्रहरी सहायक निरीक्षक नेत्रबहादुर खत्रीले भनेका थिए, विश्वास गरेर घर फर्केर आएँ । भोलि त लाश पो हेर्नुपर्‍यो छोराको ।” हरिराम बरई थप भन्छन्, “खाइलाग्दो ज्यान रहेको मेरो छोरो कहिल्यै

[४] www.sancharak.com/2015/12/25 मा उपलब्ध; असोज २८, २०७६ मा हेरिएको ।

[५] उपाध्यायसँग मधेश मानवअधिकार गृहको भैरहवास्थित शाखा कार्यालयमा असोज २९, २०७४ मा गरिएको कुराकानी । हेर्नुहोस्, www.sancharak.com/2015/12/11/; असोज २८, २०७६ मा हेरिएको ।

[६] यादवसँग भैरहवास्थित तराई मानवअधिकार रक्षक सञ्जालको कार्यालयमा वैशाख २१, २०७५ मा गरिएको कुराकानी ।

[७] विद्यावती बरईसँग निजको मायादेवी-६ पुरैनीस्थित निवासमा वैशाख २५, २०७५ मा गरिएको कुराकानी ।

पनि बिरामी परेको मलाई सम्झना छैन ।"[८] एकतिर प्रहरीले रोगका कारण धर्मेन्द्र बरईको मृत्यु भएको दाबी गर्दै आएको छ । अर्कोतिर रुपन्देहीका तत्कालीन प्रहरी प्रमुख तथा उपरीक्षक शेरबहादुर बस्नेत सर्पले टोकेर उनको मृत्यु भएको हुन सक्ने अनुमान गर्दै भन्छन्, "हिरासतमा रहेका धर्मेन्द्र राति १० बजे एक्कासी बिरामी भएपछि उपचारका लागि भैरहवा ल्याउँदै गर्दा बाटोमै मृत्यु भयो । भैरहवा भीम अस्पतालले उनको मृत्यु पहिले नै भइसकेको जनायो ।" तर प्रहरी चौकीमा बालकका लागि हिरासत कक्ष भए-नभएको र नाबालकलाई त्यहाँ राख्न हुने-नहुने सम्बन्धमा उनी केही बोल्न चाहेनन् ।[९] मायादेवी-६, पुरैनीका सुनील उपाध्याय भन्छन्, "धर्मेन्द्रलाई बिजुलीको करेन्ट प्रयोग गरी हत्या गरिएको हो । प्रहरीले करेन्ट लगाउँदै लट्ठीले कुट्दै हत्या गरेका हुन् । धर्मेन्द्रको कुममा करेन्ट लगाइएको डाम थियो । हात र पैतालाको छाला उप्किएको देखिएको थियो (हेर्नुहोस्, तस्बिर १, २, ३ ) ।"[१०]



*तस्बिर १ : मृतक धर्मेन्द्र बरई (सौजन्य : माहुरी होम) ।*

धर्मेन्द्रका बुबा हरिराम बरईले विपक्षी प्रहरीलाई किटान गरी दायर गरेको मुद्दाको सुनुवाइ गर्दै भदौ ११, २०७० मा सर्वोच्चले दिएको फैसलामा लेखिएको छ, "सरकारी मुद्दा सम्बन्धी ऐन २०४९ को दफा ६ र ७ ले निर्दिष्ट गरे बमोजिम जिल्ला प्रहरी कार्यालय रुपन्देहीबाट अनुसन्धानको प्रक्रिया भए गरेको नदेखिँदा मुद्दाको अनुसन्धान तहकीकातको कार्य गर्नू भनी विपक्षी जिल्ला कार्यालयको नाममा परमादेश जारी हुने पुनरावेदन अदालत बुटवलको मिति २०६७ माघ १२ को आदेश सदर हुने ।"

रुपन्देही प्रहरीले अहिलेसम्म मुद्दा दर्ता गरी अनुसन्धान तहकीकात गरेको छैन । नाबालक धर्मेन्द्र बरईको शरीरमा देखिएका नीलडामले निजको मृत्यु यातनाबाट भएको देखिन्छ; तर प्रहरी अधिकारीहरू कारबाही र अनुसन्धानको साटो मृत्युका अनेक कारण खोज्दै आफ्नो बचाउतर्फ लागेका देखिन्छन् ।

[८] हरिराम बरईसँग निजको मायादेवी-६ पुरैनीस्थित निवासमा वैशाख २५, २०७५ मा गरिएको कुराकानी ।

[९] बस्नेतसँग टेलिफोनमा असार २१, २०६७ मा गरिएको कुराकानी ।

[१०] उपाध्यायसँग जिल्ला प्रहरी कार्यालय रुपन्देही अगाडि असार २१, २०६७ मा गरिएको कुराकानी ।

एकतिर नाबालकलाई हिरासतमा राख्न नपाइने अवस्थामा चौकीको हिरासत कक्षमा राख्ने कार्य आफैमा गैरकानूनी थुना हुन जान्छ । अर्कोतिर शंकाको आधारमा पक्राउ गरी अनुसन्धानको क्रममा प्रहरी हिरासतमा राखेर नाबालकलाई यातना दिने तथा अन्य अमानवीय वा अपमानजनक व्यवहार वा दण्ड विरुद्धको महासन्धि र यातना तथा क्षतिपूर्ति सम्बन्धी ऐन २०५३ विपरीत हुन्छ ।



*तस्बिर २ : यातनाबाट हात र पाइतलाको छाला उप्किएको मृतक धर्मेन्द्र बरई (सौजन्य : माहुरी होम) ।*



*तस्बिर ३ : कुममा करेन्ट लगाइएको मृतक धर्मेन्द्र बरई (सौजन्य : माहुरी होम) ।*

सम्मरीमाई-७, भैसागहनका अब्दुल सहीदुल्लाह देवानको मृत्यु पनि शंकास्पद र विवादास्पद रहेको छ । राष्ट्रिय प्रजातन्त्र पार्टीको सदस्य हुँदै मधेसवादी आन्दोलनमा सक्रिय भएका देवानमाथि अखिल तराई मुक्ति मोर्चासँग आबद्ध रही चन्दा आतंक मच्चाएको प्रहरीको आरोप छ । प्रहरीले देवानको मृत्यु भिडन्तमा भएको दाबी गरे पनि स्थानीयका अनुसार कात्तिक ९, २०६६ मा उनको नियोजित रूपमा हत्या गरिएको हो । त्यस दिन दिउँसो ११:३० बजे परसहवा चोकमा दारी फालिरहेको बेला उनलाई प्रहरीले नै फोन गरी बोलाएको र त्यहाँबाट नजिकै रहेको आँपको बगैँचामा गोली हानी हत्या गरेको खबर कात्तिक ११, २०६६ को *मेचीकाली* राष्ट्रिय दैनिक लगायतका सञ्चार माध्यममा आएको थियो । उनको मृत्यु कात्तिक ९ गते दिउँसो ११:३० बजे हुँदाहुँदै पनि जिल्ला प्रहरी कार्यालय रुपन्देहीले त्यही दिन साँझ पत्रकार सम्मेलन गरी "अघिल्लो राति भएको दोहोरो भिडन्तमा उनको मृत्यु भएको" भनी गलत समाचार प्रकाशनमा ल्याएको तथ्य त्यस बेलाका सञ्चार माध्यममा आएका सामग्री अध्ययन गर्दा प्रस्ट हुन्छ ।

आफ्ना छोरा अब्दुल सहीदुल्लाह देवानको मृत्युको विषयमा स्थानीय प्रहरीले मुद्दा दर्ता नगरेपछि अदालतको ढोका ढकढक्याउन बाध्य भएको बताउँछन् उनका बुबा अब्दुल मजिद देवान । उनी भन्छन्, "मुद्दा दर्ता गरी कारबाही किनारा लगाउन पुनरावेदन अदालत बुटवलले परमादेश गरेको वर्षौं बितिसक्यो, तर प्रहरीले कुनै कारबाही अघि बढाएको छैन । अदालतको आदेश समेत नमान्ने नेपाल प्रहरीमाथि नागरिकले के भरोसा गर्ने ?"[११] गैरन्यायिक हत्या पीडित परिवार रुपन्देहीका संयोजक समेत रहेका अब्दुल मजिद देवान अहिलेसम्म न्यायको पर्खाइमा छन् । न्याय र शान्तिका लागि खटिएको रुपन्देही प्रहरीले भने अदालत र महान्यायाधिवक्ताको कार्यालय समेतको आदेश पालना नगरी मुद्दा अनुसन्धानको मिसिल थन्क्याएर राखेको छ । मुद्दाको मिसिल सहित आरोपीलाई सरकारी वकिलको कार्यालयमा उपस्थित गराउनुपर्ने पुनरावेदन अदालत र महान्यायाधिवक्ताको कार्यालयको आदेश रहेको छ, जसलाई बेवास्ता गरिएको छ ।

नेपाल सद्भावना पार्टीका पूर्व महासचिव एवं समाजसेवी हरिश्चन्द्र सिंह कुर्मी भन्छन्, "सम्मरीमाई-७, भैसागहनका अब्दुल सहीदुल्लाह देवानलाई परसहवा चोकबाट बोलाएर केही पर लगेर हत्या गरेको देखिएकै हो ।"[१२] मधेस आन्दोलनका क्रममा देखिएको जन उत्साहलाई निस्तेज पार्न प्रहरीले विभिन्न बहानामा आम मधेसी नागरिकलाई समेत आफ्नो शक्तिको शिकार बनाएको बताउने कुर्मीका अनुसार रुपन्देहीमा प्रहरीले थुप्रैलाई गैरन्यायिक हत्या गरेको छ ।

बरई र देवानजस्ता अरू पनि नेपाली नागरिकलाई प्रहरीले भारतबाट समेत पक्राउ गरी नेपाल ल्याएर मुठभेडका नाममा हत्या गरेका खबर सञ्चार माध्यममा पटक-पटक आएका छन् । सिद्धार्थनगर नगरपालिका-३, भैरहवा, रुपन्देहीका कृपाकान्त साह र भारतीय नागरिक सूर्यप्रकाश शुक्ला फागुन २२, २०६७ राति ११:३० बजे मायादेवी गाउँपालिका-३ स्थित हीरा इँटा भट्टा नजिक एकैसाथ मारिए । भारतको उत्तर प्रदेशस्थित सिद्धार्थनगर जिलाको नौगढ रेलवे स्टेसनबाट पक्राउ गरी ल्याएर उनीहरूलाई मारिएको खबर भारतीय अखबारमा छापिएको थियो । भारतीय पत्रिका *अमर उजाला*को खबर अनुसार "भारतमा पक्राउ गरी नेपाल प्रहरीलाई गैरकानूनी तवरले सुपुर्द गरी हत्यामा सहयोग गरेको आरोपमा भारतीय एसओजी का जवान नरेन्द्रमणि त्रिपाठी, अकरम हुसेन र एसओजी इन्चार्ज एस.ओ. पंकज शाही वा उपेन्द्रकुमार सिंहलाई भारत सरकारले निलम्बन गरी कारबाही प्रक्रिया अघि बढाएको थियो । त्रिपाठी र हुसेनलाई सिद्धार्थनगर कारागार चलान गरी बैरेक नं. ३ मा राखिएको थियो" (हेर्नुहोस्, तस्बिर ४) । *दैनिक जागरण*ले पनि घटनाका मुख्य अभियुक्त

[११] मजिदसँग निजको सम्मरीमाई-७ को भैसागहनस्थित निवासमा चैत ५, २०७६ मा गरिएको कुराकानी ।

[१२] कुर्मीसँग पिपरहवास्थित उनको निवासमा चैत १, २०७५ मा गरिएको कुराकानी ।

एस.ओ. पंकज शाही वा उपेन्द्रकुमार सिंह फरार रहेको र भारतीय प्रहरीले खोजी गरिरहेको समाचार छापेको थियो (दैनिक जागरण सन् २०११) ।



# एसओजी की भंग, दो सिपाही हिरासत में

## एनकाउंटर में नेपाल पुलिस और एसओजी की अपराधियों की अदला-बदली महंगी पड़ी

अमर उजाला ब्यूरो

सिद्धार्थनगर। सूर्यप्रकाश शुक्ला प्रकरण में सिद्धार्थनगर थाने में नेपाली पुलिस कर्मियों के खिलाफ दर्ज मुकदमे का असर नेपाल में छिपे भारत के भगोड़े अपराधियों के धर पकड़ पर पड़ सकता है। इस घटना के बाद नेपाल पुलिस अब शायद ही नेपाल में छिपे भारत के भगोड़े अपराधियों को पकड़ने में भारतीय पुलिस की मदद करे। गुरुवार को संतकबीर नगर के एसओजी इंचार्ज पंकज शाही लाइन हाजिर हुए और टीम पर मुकदमा दर्ज हुआ और शुक्रवार को जिले की एसओजी ही भंग कर दी गई। पुलिस अधीक्षक जे. रविन्दर गौड ने इसकी पुष्टि की। उनका कहना था कि मामला बेहद गंभीर है इसलिए विवेचना सख्ती के साथ की जा रही है। इतना ही नहीं सूर्य प्रकाश शुक्ल के नेपाल में एनकाउण्टर में गुरुवार की शाम मृतक के चाचा की तहरीर पर दर्ज मुकदमे में शामिल एसओजी के दो सिपाहियों को पुलिस ने पूछताछ के लिये हिरासत में लिया है।

बता दें कि कुछ दिन पूर्व नेपाल के बुटवल की पुलिस ने पूर्वी उत्तर प्रदेश में भय और आतंक का पर्याय बने देवरिया जिले के रणविजय यादव को पकड़ कर संतकबीर नगर जिले के एसओजी टीम को सौंप दिया था। रणविजय नेपाल में शरण लेकर गोरखपुर और आसपास जिलों में अपहरण, हत्या आदि जैसे अपराधों को अंजाम दे रहा था। देवरिया जिले का यह भगोड़ा अपराधी गोरखपुर मंडल की पुलिस के लिए सरदर्द बना हुआ था। इसे एक अपहरण के मामले में नेपाल पुलिस के सहयोग से पकड़ा गया था।

रणविजय की तरह नेपाल पुलिस ने कई अन्य भारत के भगोड़े अपराधियों को पकड़ कर भारतीय पुलिस को सौंपा था। सीमावर्ती भारतीय पुलिस भी नेपाल के पुलिस का सहयोग नेपाली अपराधियों की धरपकड़ में करती रहती है। कुछ दिन पूर्व सिद्धार्थनगर जिले के दो सिपाहियों को नेपाल पुलिस ने कृष्णानगर में चरस के साथ पकड़ा था। इन्हें जेल भी भेज दिया गया था लेकिन दोनों देशों के पुलिस की आपसी समझदारी का नतीजा था कि जांच के बाद दोनों पुलिस कर्मी बेदाग छूट गए थे।

सूर्यप्रकाश शुक्ला का सिद्धार्थनगर जिले के अपने थाना क्षेत्र में भले ही कोई आपराधिक इतिहास न रहा हो लेकिन नेपाल पुलिस की डायरी में उसके खिलाफ जघन्य अपराध दर्ज है। नेपाल पुलिस को इसकी तलाश रही है। संतकबीर नगर की एसओजी टीम ने इसे महराजगंज जिले के नौतनवा निवासी तीन अन्य लोगों के सहयोग से नौगढ़ से पकड़ कर नेपाल पुलिस को सौंपा था। नौतनवा के ये तीनों लोग भी नेपाल में अपराधी संगठनों से जुड़े हुए हैं। बताते हैं कि सूर्यप्रकाश को उसके घर से यही तीनों नौगढ़ रेलवे स्टेशन पर बुलाए थे।

बहरहाल, यह मामला संतकबीर नगर के एसओजी टीम के गले की हड्डी बन चुका है। इसी के साथ नेपाल और भारत के सीमावर्ती पुलिस के बीच आपसी तालमेल से अपराधों पर नियंत्रण की रणनीति पर भी झटका लगा है। दोनों देशों की पुलिस हमेशा बैठकें कर नेपाल सीमा पर सुरक्षा की रणनीति बनाती रहती है। बिना कागजी लिखा पढ़ी के एक दूसरे देश के अपराधी पकड़ कर एक दूसरे को सौंपे जाते रहे हैं। सिद्धार्थगर में नेपाल के अज्ञात पुलिस कर्मियों के खिलाफ मुकदमा दर्ज होने की घटना से नेपाल पुलिस दहशत में है। इन पर हत्या का मुकदमा दर्ज हुआ है। नेपाल पुलिस के एक अफसर का कहना है कि इससे दोनों देशों के पुलिस का सामन्जस्य खंडित हुआ है।

नेपाल के कपिलवस्तु के एसपी धीरू वसेत ने कहा है कि जांच में सिद्ध होगा कि नेपाल पुलिस दोषी है या नहीं? जबकि सिद्धार्थनगर के एएसपी कुलदीप नरायन का कहना है कि इस घटना से दोनों देशों की पुलिस के तालमेल पर कोई असर नहीं पड़ेगा। उन्होंने कहा कि घटना की जांच शुरू कर दी गई है देखिए सच क्या निकलता है। उन्होंने कहा कि आरोपी बनाए गए नेपाली पुलिस अफसरों की गिरफ्तारी के लिए भारतीय दूतावास से मदद ली जाएगी।

- दोनों देश के तालमेल से पकड़े जाते थे अपराधी
- नेपाल में सूर्यप्रकाश के एनकाउंटर का मामला

### बन गई गले की फांस, कैसे निगलोगे भाई

सिद्धार्थनगर। गोरखपुर और आसपास के जिलों की पुलिस का सिरदर्द बने देवरिया के अपराधी रणविजय के बदले नेपाली पुलिस से सूर्य प्रकाश शुक्ल की दुरभि संधि संतकबीर नगर जनपद के एसओजी के गले की फांस बन गई है। अब इसे कैसे निगलेंगे इसका पता भी वहां की पुलिस को नहीं है। इस प्रकरण से जुड़े तथ्यों को खंगालने में पुलिस जुट गई है। वहीं हर कदम फूंक फूंक कर रखा जा रहा है। इस घटना के बाद सिद्धार्थनगर और संत कबीर नगर ही नहीं पूरे पूर्वांचल के पुलिस विभाग में खलबली मच गई है। शुक्रवार को जहां संतकबीरनगर एसओजी के दो सिपाहियों को हिरासत में लिये जाने के साथ ही सूर्य प्रकाश के गांव बरदहवा भी अफसर पहुंचे। हाल यह रहा कि जिले की एसओजी भंग कर दी गई।

### उच्चाधिकारियों को खबर नहीं!

सिद्धार्थनगर। संतकबीर नगर के मेंहदावल के युवक इरशाद का फिरौती के लिये शातिर बदमाशों ने अपहरण किया। इस प्रकरण में शामिल शातिर अपराधी रणविजय को नेपाल से लाने के लिये संतकबीर नगर और नेपाली पुलिस ने दुरभि संधि भी हो गई। सिद्धार्थनगर जनपद के मोहाना थानाक्षेत्र के बरदहवा निवासी युवक सूर्य प्रकाश शुक्ल नेपाली पुलिस को सौंप भी दिया गया और संत कबीर नगर के पुलिस उच्चाधिकारियों को भनक तक नहीं लगी। एसओजी ने इतना बड़ा कार्य कर दिया और पुलिस अधीक्षक को भनक नहीं लगी। यह बात पुलिस विभाग के साथ ही अन्य लोगों के गले नहीं उतर रही है।

### हुआ था एनकाउण्टर

सिद्धार्थनगर। नेपाल पुलिस ने एक सप्ताह पूर्व लुम्बिनी भैरहवा मार्ग पर कम्हरिया के निकट एनकाउंटर में सूर्य प्रकाश शुक्ल और भैरहवा के मधुबनी निवासी भवानी सिंह उर्फ उमाकांत शाह का एनकाउंटर किया था। भैरहवा के एसपी शेर बहादुर बस्नेत ने इसकी पुष्टि की थी।

### सीओ पहुंचे बरदहवा

सिद्धार्थनगर। सीओ सदर डा. अरविन्द शुक्रवार मोहाना थाना के बरदहवा में सूर्य प्रकाश शुक्ल के घर पहुंचे। लोगों से जहां बात की वहीं सूर्य प्रकाश के परिजनों से भी मिले। सूर्य प्रकाश के व्यक्तिगत जीवन के विभिन्न पहलुओं की पड़ताल की गई।

*तस्बिर ४ : अमर उजाला (सन् २०११) मा प्रकाशित समाचार ।*

यसै गरी देवदह, रुपन्देहीका मनोज पुन र भैरहवामा अस्थायी ठेगाना भएका उनका साथी सोम आले पनि फागुन ९, २०७४ बिहान ३:३० बजे नियोजित हत्याका शिकार भएको शंका गर्ने आधार बलिया छन् । उनीहरूलाई ६ गते नै भारतको गोवास्थित मनोज पुनको कोठाबाट भारतीय प्रहरीको सहयोगमा पक्राउ गरी नेपाल ल्याइएको समाचार बाहिर आएको थियो, तर प्रहरीले पुष्टि गरेको थिएन (गोतामे २०७४) ।[१३]

यसअघि पुस ४, २०७३ मा युवा संघ, रुपन्देहीका अध्यक्ष दुर्गा तिवारीको हत्या भएको करिब २२ दिनपछि नेपालको केन्द्रीय अनुसन्धान ब्यूरोको टोली पुनलाई खोज्दै भारतीय प्रहरीको सहयोगमा पुनको मोबाइल लोकेशन पछ्याउँदै भारतको गोवा पुगेको

[१३] हेर्नुहोस्, www.youtube.com/watch?v=ZrcnpudVuJI; असोज २८, २०७६ मा हेरिएको ।

थियो । प्रहरी स्रोतका अनुसार तिवारीको हत्या हुनुभन्दा दुई वर्ष अघिदेखि नै पुन भारतको गोवास्थित मर्दिममा डेरा गरी बस्दै आएका थिए । डेरामा पुग्दा पुन दिल्ली पुगिसकेको थाहा भएको र चार पाँच दिनपछि उनी सम्पर्क विहीन भएको अवस्थामा प्रहरी खाली हात फर्केको थियो । फागुन ९, २०७४ को रिपोर्टर्सनेपाल डट कमले "गुण्डा नाइके मनोज पुनको नाटकीय इन्काउन्टर, इन्काउन्टरकै लागि पक्राउ घटना गुपचुप" शीर्षकमा समाचार छापेको थियो जुन पछि हटाइएको छ ।

विगतमा कृपाकान्त शाह र अब्दुल सहीदुल्लाह देवानलाई पनि समातेर मारेको उदाहरणले मनोज पुन र उनका साथी सोम आलेलाई गरिएको प्रहरी इन्काउन्टरबारे पनि अनेक आशंका उब्जाएको हो । ती घटनासँग पुनलाई गोवामा समातिएको घटना मिल्दोजुल्दो देखिएका छ । त्यसैले उनीहरूको मृत्यु दोहोरो भिडन्तमा नभई नियोजित आक्रमणमै भएको हुन सक्ने सम्भावना बढी छ । शार्पशूटरको रूपमा चिनिने पुनले स्वाभाविक अवस्थामा रहेका प्रहरीलाई ताकेर पहिलो प्रहार गर्दा प्रहरीतर्फ कुनै क्षति नभएको र पुनको शरीरमा मात्रै १२ ओटा तथा सोम आलेको शरीरमा आठ राउण्ड गोली प्रहार हुनु स्वाभाविक देखिँदैन । दोहोरो भिडन्त भनिएको घटनामा एकतर्फी रूपमा यति धेरै गोली प्रहार हुनुले पनि यस घटनालाई शंकास्पद बनाएको छ ।

## घटना विश्लेषण

पहिलो संविधान सभाको निर्वाचन पश्चात् माघ २७, २०६५ देखि रुपन्देहीमा गैरन्यायिक हत्याको क्रम पुनः शुरू भएको देखिन्छ । रुपन्देहीमा प्रहरी हिरासत र कारबाहीका क्रममा २०६५ सालमा चार जनाको मृत्यु भएको थियो । त्यस्तै, २०६६ सालमा एक, २०६७ सालमा पाँच, २०६८ मा दुई, २०७४ मा दुई तथा २०७५ सालमा एक गरी जम्मा १५ जनाको मृत्यु भएको छ ।

रुपन्देहीमा मारिएका व्यक्तिमा मधेसी मुस्लिम चार, मधेसी ब्राह्मण दुई, मधेसी दलित दुई, मधेसी पिछडा वर्गका पाँच तथा पहाडी जनजातिका दुई जना युवा छन् । उल्लिखित समयावधिमा हत्या गरिएकाहरू १५ जनामध्ये १३ जना नेपाली नागरिक थिए भने दुई जना भारतीय नागरिक । एक नाबालक सहित दुई जनाको मृत्यु प्रहरी हिरासतमा यातनाबाट भएको देखिन्छ । बाँकी १२ जनाको मृत्युको कारण प्रहरी सितको दोहोरो भिडन्तमा भएको जनाइएको छ । मृतकमध्ये कम्युनिस्ट राजनीतिक पृष्ठभूमि भएका दुई जना पहाडी जनजाति र मधेसवादी राजनीतिक पृष्ठभूमि भएका नौ जना तथा एक जना भारतीय नागरिक रहेका छन् । प्रहरीले अधिकांश मृत्यु दोहोरो भिडन्तका क्रममा भएको दाबी गर्ने गरेको छ, तर प्राप्त सूचना तथा तथ्यले ती सबै घटनामा सुरक्षा निकायको दाबीलाई पुष्टि गर्दैनन् ।

**(क)** घटना अध्ययन गर्दा भैरहवा-परासी हुलाकी सडकखण्ड स्थित रोहिणी खोला पुलको दक्षिण पश्चिम किनारामा सर्वाधिक दोहोरो भिडन्त भएको देखिन्छ। यस ठाउँमा प्रहरीको गोलीबाट विभिन्न समय र मितिमा राजनीतिक रूपमा प्रशिक्षित मानिएका चार जना मधेसी युवाको मृत्यु भएको पाइन्छ। त्यसै गरी भैरहवा-लुम्बिनी सडक खण्डस्थित दानव पुल छेउमा एक, हीरा इँटा भट्टा नजिक दुई, र अन्य ठाउँमा पाँच ओटा दोहोरो भिडन्त भएको प्रहरीले बताए पनि भिडन्तका क्रममा प्रहरीतर्फ कुनै क्षति भएको भने देखिँदैन।

प्रहरीको दाबी अनुसार यसरी दोहोरो भिडन्तमा मृत्यु हुनेहरूमा प्रहरीको सर्वाधिक खोजी सूचीमा रहेका ११ जना आपराधिक प्रवृत्तिका नेपाली तथा एकजना भारतीय शार्पशुटर रहेका छन्। प्रहरी गस्ती टोलीमाथि पहिलो आक्रमण गर्ने ती शार्पशुटर भनिएकाहरूबाट प्रहरीतर्फ कुनै क्षति भएको उदाहरण पाइँदैन। कुनै क्षतिबिना आपराधिक प्रवृत्तिका शार्पशुटरहरूलाई तह लगाउने प्रयासले कि त प्रहरीको कार्यकुशलताको प्रमाण दिन्छ या त नियोजित घटनातिर संकेत गर्छ।

त्यसै गरी २०६६ कात्तिकमा अब्दुल सहीदुल्लाह र २०६७ असोजमा इस्तियाक अहमदको मृत्यु प्रहरी चौकी बेथरीका तत्कालीन इन्चार्ज एवं प्रहरी नायब निरीक्षक सहितको टोलीको गोली प्रहारबाट भएको देखिन्छ। अर्को विचारणीय तथ्य हो, अब्दुल सहीदुल्लाह देवान मारिएको घटनास्थल मर्चवारको परसहवा चोक प्र.ना.नि शम्भु उपाध्यायको कार्यक्षेत्र बेथरी प्रहरी चौकीको सीमाबाट करिब १२ किमी दक्षिणमा अवस्थित छ। आफ्नो कार्यक्षेत्रभन्दा निकै दूरीमा रहेको स्थानमा उपाध्याय नेतृत्वको प्रहरी टोलीबाट कसरी भिडन्त भयो, यो प्रश्नको विषय हो। उपाध्यायलाई आफ्नो कार्यक्षेत्रभन्दा बाहिर गएर गस्ती गर्ने कार्यादेश गृह मन्त्रालयले पक्कै पनि दिएको देखिँदैन।

**(ख)** माघ २०६५ देखि पुस २०७५ सम्म अध्ययन गरिएका सबै घटनाको प्रहरीले निष्पक्ष अनुसन्धान हालसम्म गर्न सकेको छैन। प्रहरीले कानूनी व्यवस्था स्थापनाका लागि निर्वाह गरेको कर्तव्यकै क्रममा ती व्यक्तिको ज्यान गएको हो भने पनि निष्पक्ष अनुसन्धान जरुरी हुन्छ। मृतकलाई लागेका गोली कुन कोणबाट र कति दूरीबाट चलाइएका हुन्, प्रहरी प्रतिवेदनमा कहीँ-कतै उल्लेख छैन। प्रहरीले यस्ता घटना सम्बन्धमा दिएका वक्तव्य सबैजसो समान र बनावटी खालका छन्। दोहोरो भिडन्त भएको भनिएका सबै घटनामा पहिले आफूहरूमाथि गोली प्रहार भएको र जवाफी कारबाहीमा सशस्त्र समूहका एक-दुई जनाको मृत्यु भएको बताउने गरेको देखिन्छ। दोहोरो भिडन्तको क्रममा प्रहरीको जवाफी फायरिङमा गोली लागेर उपचारका लागि अस्पताल लाँदै गर्दा मृत्यु भएको वा गोली कसले चलाएको कुरा खुल्न नआएकोले खुलेको बखत कानून बमोजिम हुने गरी अनुसन्धान कार्यलाई नै टुंग्याइएको देखिन्छ।

अर्कोतर्फ, समान तहका प्रहरी कर्मचारीबाट भएका प्रारम्भिक अनुसन्धानमा विश्वसनीयताको समेत कमी देखिन्छ। घटनामा संलग्न प्रहरी र अनुसन्धान गर्ने प्रहरी समान तहकै भएबाट निष्पक्ष अनुसन्धान भएको वा नभएको यकिन भन्न कठिन छ। यस्ता घटनाको निष्पक्ष अनुसन्धान गरी न्याय प्रदान गर्न संयुक्त राष्ट्र संघीय सन्धि जनित मानवअधिकार समितिले आफ्नो प्रतिवेदनमा नेपाललाई सिफारिस गरेको छ,[१४] तर हालसम्म कारवाही हुन सकेको छैन। यीमध्ये कुनै पनि घटनाबारे राज्य पक्षले पीडितलाई सार्वजनिक रूपमा जानकारी दिएको छैन। पोष्टमार्टम गर्ने राज्यका चिकित्सकले पनि घटना सम्बन्धमा प्रस्ट र विस्तृत लेखेको देखिँदैन। रिपोर्ट सबै गोलमटोल देखिन्छन्।

## अध्येताहरूका नजरमा

गैरन्यायिक हत्याका घटनाको अनुगमन र अध्ययन विभिन्न संस्था र बौद्धिक व्यक्तिहरूले गर्दै आएका छन्। साथै, उनीहरूले न्यायिक निकासको लागि आर्थिक र बौद्धिक सहयोग पनि गरेका छन्। गैरन्यायिक हत्याको प्रभावकारी अध्ययन तथा तथ्यपरक पुष्टिका लागि रुपन्देहीमा मानवअधिकारका क्षेत्रमा क्रियाशील रही विभिन्न घटना अध्ययन अनुगमन तथा पैरवीमा संलग्न सरकारी तथा गैरसरकारी संघसंस्था एवं निकायका जवाफदेही र जिम्मेवार व्यक्तित्वसँग गरिएको कुराकानीलाई समेत यस खण्डमा समेट्ने प्रयास गरिएको छ :

नेपालको तराई मधेसमा अधिकारको क्षेत्रमा क्रियाशील मधेश मानवअधिकार गृह (माहुरी होम) का अध्यक्ष रविन्द्रनाथ ठाकुर भन्छन् :

> सिद्धार्थनगर नगरपालिका-१० शंकरपुरमा सि.न.पा.-६ का ३५ वर्षीय केदार सहानी तथा देवदहमा मनोज पुन र सोम आलेको हत्या गैरन्यायिक प्रकृतिको छ। यसअघि सहाबुद्दीन मुसलमान, ध्रुवराज मिश्र, रामबलि चौहान, अख्तर अली, इस्तियाक अहमद, हरिकेश यादव, अनिल हरिजन र राम सेवक जस्ता व्यक्तिको मृत्यु पनि गैरन्यायिक नै हो।[१५] माहुरी होमले यी लगायत रुपन्देहीका १७ जना व्यक्तिका मृत्युलाई गैरन्यायिक हत्याको रूपमा अनुसन्धान गरेको छ।

[१४] जुन ७, २०१७ मा गैरन्यायिक तथा स्वेच्छाचारी हत्या सम्बन्धी लगायत संयुक्त राष्ट्र संघका स्पेशल र्‍यापोर्टरहरूले नेपाल सरकारलाई लेखेको पत्र। हेर्नुहोस्, www.madhesiyouth.com/featured/un-sr-letter-nepal-govt/; पुस १२, २०७६ मा पछिल्लो पटक हेरिएको।

[१५] रामसेवक धोबीको घटनामा प्रहरीले उनको खोलामा डुबेर मृत्यु भयो भनेका थिए। रामसेवकको मृत्युको समयमा उनका बुबा चनर्जी धोबी भारतमा थिए, र उनी फर्कनुअघि नै दाह संस्कार भइसकेको थियो। उनी आएर शव भएको स्थान हेर्न जाँदा त्यहाँ नजिकै बाटोमा रगत लत्पतिएको पोलिथिनको झोला भेटियो। रामसेवकको मुखबाट रगत आउँदा रगत भुइँमा नखसोस्

गैरन्यायिक हत्याको प्रकृति नेपालभरि प्रायः एउटै किसिमको देखिन्छ । तर रुपन्देहीको सन्दर्भमा हिरासत भित्रको यातनाबाट तीन जना, पक्राउ र नियन्त्रणपछि दोहोरो भिडन्तका नाममा गोली हानेर १२ जना, तथा आन्दोलनका क्रममा घेरा हाली गोली ठोकेर छ जना निर्दोष हटियाको मानवसंहार जस्ता अमानवीय प्रकृतिका हत्या पनि भएको पाइएका छन् । यस्ता हत्याविरुद्ध सम्बन्धित परिवारले दिएको जाहेरी र सम्मानित अदालतबाट निरुपण भइसकेका मुद्दामा पनि पीडितले अझैसम्म पनि न्याय पाउन सकेको अवस्था छैन ।

बृहत् शान्ति सम्झौता पश्चात् नेपाली जनताले शान्ति, समृद्धि र कानूनी शासनको आशा राखेका थिए । तर यसपछि पनि रुपन्देही लगायतका पश्चिम मधेसका जिल्लामा मानवअधिकारको अवस्था अत्यन्तै नाजुक रहेको देखिन्छ । यस बीचमा हिरासतमा लिई यातना दिने र भाग्न लगाएर गोली ठोक्ने जस्ता रुपन्देही प्रहरीको गैरन्यायिक संस्कार त देशभरमै चर्चित विषय हो ।[१६]

राष्ट्रिय मानवअधिकार आयोग, उपक्षेत्रीय कार्यालय, बुटवलमा लामो समयदेखि अनुसन्धान अधिकृतका रूपमा कार्यरत चन्द्रकान्त चापागाईं भन्छन् :

बृहत् शान्ति सम्झौतापछि द्वन्द्व र आन्दोलनका क्रममा पश्चिम मधेसको रुपन्देही जिल्लामा गैरन्यायिक हत्याको अवस्था एकदमै भयावह रहेको पाइन्छ । यस क्रममा दोहोरो भिडन्त देखाएर २०६५ र २०६७ सालमा सर्वाधिक हत्या भएको देखिन्छ । पछिल्ला दिनमा त्यसमा कमी आएको अवश्य देखिन्छ, अन्त्य नै भइसकेको अवस्था भने छैन ।

चाहे ती द्वन्द्वकालीन घटना हुन् या बृहत् शान्ति सम्झौता पछिका सशस्त्र समूहका गतिविधि न्यून गर्ने क्रममा भएका ज्यादतीका घटना हुन्, ती घटनाका पीडितले सही ढंगले अझैसम्म न्याय पाउन नसकेको अवस्था छ । कतिपय मुद्दामा सम्मानित अदालतबाट निरुपण भइसके तापनि पीडितहरूले न्याय पाउन वा ती फैसला सही ढंगले कार्यान्वयन हुन सकिरहेका छैनन् ।

राष्ट्रिय मानवअधिकार आयोगले आफ्नो अनुसन्धानका कार्य अगाडि बढाएर कतिपय मुद्दामा कारबाहीका लागि सिफारिस गरिसकेको अवस्थामा पनि

---

भनेर पोलिथिन झोला प्रयोग गरेको हुनुपर्छ भन्ने अनुमान स्थानीयको र उनको थियो (हेर्नुहोस्, तस्बिर ५) ।

[१६] ठाकुरसँग मधेश मानवअधिकार गृहको तौलिहवास्थित कार्यालयमा पुस ३०, २०७५ मा गरिएको कुराकानी ।



*तस्बिर ५ : रामसेवक धोबीका पिता रगत लत्पतिएको प्लास्टिकको झोला देखाउँदै ।*

ती सिफारिसअनुसार कार्यान्वयन हुन सकिरहेको छैन । एकाध घटनामा पीडितले राहत र क्षतिपूर्ति पाउँदैमा न्याय पाएको भन्न मिल्दैन । पीडकलाई कानून बमोजिम कारबाहीको दायरामा लैजाने अवस्था अझै देखिएको छैन ।

गैरन्यायिक हत्याका सम्बन्धमा दुइटा चुनौतीपूर्ण अवस्था देखिन्छ । एकातर्फ राष्ट्रिय मानवअधिकार आयोगका सिफारिस नै कार्यान्वयन हुन सकिरहेको छैन । अर्कोतर्फ सम्मानित अदालतको आदेश पनि कार्यान्वयन नभइरहेको स्थिति छ । यस्ता चुनौती सामना गर्न आयोगका सिफारिस मात्रै सही ढंगले कार्यान्वयन गर्न सकियो भने पनि पीडितहरूले न्यायको अनुभूति गर्न सक्छन् । रुपन्देहीका सबै गैरन्यायिक हत्या आरोपका घटना केलाउँदा पीडितलाई न्याय दिलाउन वास्तवमै राज्य नै उदासीन भएको देखिन्छ ।[१७]

तराई मानवअधिकार रक्षक सञ्जाल (थर्ड एलायन्स) का पश्चिम तराई क्षेत्रीय मानवअधिकार संयोजक शैलेन्द्र अम्बेडकर भन्छन् :

[१७] चापागाईसँग टेलिफोनमा वैशाख १५, २०७६ मा गरिएको कुराकानी ।

मान्छे मारेर अपराध नियन्त्रण गर्ने नेपाल प्रहरीको गैरन्यायिक सोचका कारण रुपन्देहीमा बृहत् शान्ति सम्झौतापछि पनि विभिन्न बहानामा २५ भन्दा बढी गैरन्यायिक हत्या भएका छन्, र अध्ययन अनुसन्धान गर्दा प्रत्येक घटना नियोजित भएको हाम्रो ठहर छ। अनुसन्धानको क्रममा विशेष गरी अधिकार प्राप्तिको चाहना भएका मधेसी युवालाई त्रस्त पार्न र दबाउन गैरन्यायिक हत्या बढेको देखेका छौँ।

राज्यको असमावेशी संरचना र प्रहरीमा अनुसन्धानका लागि वैज्ञानिक उपकरणको कमीले पनि तराईमा गैरन्यायिक हत्या र यातना बढाएको छ। सार्वभौम नागरिकलाई कानून सिकाउने राज्यको संयन्त्र प्रहरी प्रशासन स्वयंले कानूनी शासनको खिल्ली उडाउँदै गैरन्यायिक हत्याका विभिन्न मुद्दामा सम्मानित अदालतको आदेशलाई समेत अपहेलना गरेको देखिरहेका छौँ। देशमा शान्ति, स्थिरता र कानूनी राज्यको पालनाका लागि सबभन्दा पहिला राज्यका विभिन्न संयन्त्र नै मुख्य जिम्मेवार हुनुपर्छ। गैरन्यायिक हत्याका सवालमा सम्मानित अदालतको आदेश तत्काल पालना भई पीडितले न्याय पाएको आभास हुनुपर्दछ।[१८]

## निष्कर्ष

राज्य पक्ष र विद्रोही पक्षबीच शान्ति सम्झौतापछि पनि नेपालमा शान्ति स्थापना भएको छैन, न त न्यायको प्रत्याभूति नै भएको छ। न्याय, समानता र शान्तिका लागि भएका संघर्ष र पुराना राजनीतिक व्यवस्था परिवर्तनमा सफलतापछि पनि राज्यको चरित्र फेरिएको छैन। फरक विचार भएका व्यक्तिलाई कथित दोहोरो भिडन्तमा र प्रहरी हिरासतमा मारिएकाले नागरिकको जिउने नैसर्गिक अधिकार खोसेको पाइन्छ।

प्रहरीद्वारा मारिएका नौ जना पहिले ने.क.पा. माओवादी निकट रहेर राजनीति गरेका मधेसी युवा थिए। उनीहरू राज्य र माओवादीबीच भएको शान्ति प्रक्रिया र मधेसप्रति राज्यको नीतिबाट मात्रै होइन, शान्तिपूर्ण सडक आन्दोलनबाट समेत निराश भई सशस्त्र मधेस विद्रोहको तयारीमा लागेका थिए। माओवादी जनयुद्ध र मधेस विद्रोहबाट प्रशिक्षित युवा किन राज्य विरुद्धको सशस्त्र गतिविधिमा सहजै आबद्ध भए ? राज्यले अध्ययन अनुसन्धानका आधारमा जवाफ खोज्न र उपचार गर्नको साटो दमनकारी नीति अँगालेकै परिणाम स्वरूप कथित दोहोरो भिडन्तका बहानामा अनेक घटना भएको देखिन्छ।

नेपाल सरकार र मधेस विद्रोहको अगुवाइ गरेको मधेशी जनअधिकार फोरम नेपालबीच भएका सहमति कार्यान्वयन नहुँदा मधेस आन्दोलनका क्रममा सक्रिय भूमिकामा रहेकामध्ये धेरैको मुद्दा फिर्ता भएन र उनीहरू भूमिगत जीवन बाँच्न बाध्य भए। यसै क्रममा उठेका

[१८] अम्बेडकरसँग टेलिफोनमा वैशाख १६, २०७६ मा गरिएको कुराकानी।

असन्तुष्टि र आवेशबाट मधेसमा थुप्रै हतियारधारी भूमिगत संगठन पनि जन्मिए। हतियारधारी भूमिगत संगठनको आधार भूमिको निदानसँगै मधेस विद्रोहका मागको सम्बोधन नगरिकन राज्यबाट केही व्यक्तिको विनाश गर्ने इन्काउन्टरको विधिलाई नै कानूनी व्यवस्था कायम गर्ने औजारको रूपमा प्रयोग गरियो ।

जनयुद्ध, जनआन्दोलन र मधेस विद्रोहका खास कारक तत्त्वको समाधान हुने किसिमले नेपाली राज्यको पुनर्संरचना गरिएको भए र ती संघर्षको क्रममा भएका दमनको पीडामा मलम लगाइएको भए गैरन्यायिक हत्याका पीडितहरूको आक्रोश संगठित हुने थिएन । आज अब्दुल सहीदुल्लाह देवानका बुबा अब्दुल मजिद देवानको अध्यक्षतामा गैरन्यायिक हत्यापीडित परिवार रुपन्देही गठन भएको छ । उनीहरूका जायज मागप्रति सकारात्मक भएर गैरन्यायिक हत्याबारे न्यायिक निकास दिन राज्यले कन्जुस्याइँ गर्नु हुँदैन । तराईमा बस्ने मधेसी, मुस्लिम, दलित आदिवासी जनजाति लगायतका सीमान्तकृत समुदायमा आफ्नै घरमा असुरक्षित महसुस गराउने, उनीहरूका अधिकार प्रत्याभूत हुने सम्भावना नै नहुने हो कि भन्ने अविश्वास फैलाउने कामले राज्य र जनताबीच खाडल मात्रै बढाउने छ । राज्यले यस्ता मानवता र मानवअधिकार विपरीतका गैरन्यायिक कार्य तत्काल रोक्नुपर्दछ ।

## धन्यवाद

घटना पुनः अध्ययन तथा पुनरावलोकनमा मद्दत गर्नु हुने पीडित परिवारमा सहानुभूति प्रकट गर्दै न्यायमा पहुँचको कामना छ । माहुरी होम कपिलवस्तुले गरेको सहयोग बिर्सिनै नसक्ने छ । नेपाल पत्रकार महासंघका पूर्व सभापति तारानाथ दाहाल, कपिलवस्तुका अधिकारवादी नेता रविन्द्रनाथ ठाकुर, एड्भोकेसी फोरमका रुपन्देही संयोजक एवं अधिवक्ता शिवप्रसाद गौडेल यस लेखका लागि प्रेरणाका स्रोत हुन् । तराई मानवअधिकार रक्षक सञ्जाल (थर्ड एलायन्स), इन्सेक नेपाल र मानवअधिकार तथा शान्ति समाजको सहयोग पनि अतुलनीय छ । नेपाल पत्रकार महासंघका पूर्व अध्यक्ष धर्मेन्द्र झा, नागरिक अगुवा प्रकाश उपाध्याय, पत्रकार रामरिझन यादव, उपप्राध्यापक त्रिभुवन बरई, तथा अधिकारकर्मी चन्द्रकान्त चापागाई र शैलेन्द्र अम्बेडकरको योगदान पनि प्रशंसनीय छ । यस लेखका सम्बन्धमा सरसल्लाह दिनुहुने मार्टिन चौतारीका सोहन प्रसाद साह र महेशराज महर्जनलाई पनि धन्यवाद । लेखनका क्रममा कुनै त्रुटि वा कमीकमजोरी रहन गएको छ भने त्यसलाई सच्याउन प्रबुद्ध पाठक वर्गबाट सल्लाह सुझाव अपेक्षित छ ।

## सन्दर्भ सामग्री

अमर उजाला । सन् २०११ । एस.ओ.जी. की भंग दो सिपाही हिरासत मे, एनकाउन्टर मे नेपाल पुलिस और एस.ओ.जी. की अपराधियोकी अदला बदली महंगी पडी । मार्च १२ ।

इन्सेक (अनौपचारिक क्षेत्र सेवा केन्द्र) । सन् २००९ । हत्या, राज्यबाट । *मानवअधिकार वर्ष पुस्तक २००९* । पृ. ४४७ । काठमाडौँ : इन्सेक ।

इन्सेक । सन् २०१० । हत्या, राज्यबाट । *मानवअधिकार वर्ष पुस्तक २०१०* । पृ. ३८० । काठमाडौँ : इन्सेक ।

इन्सेक । सन् २०११ । हत्या, राज्यबाट । *मानवअधिकार वर्ष पुस्तक २०११* । पृ. ३१४ । काठमाडौँ : इन्सेक ।

इन्सेक । सन् २०१२ । हत्या, राज्यबाट । *मानवअधिकार वर्ष पुस्तक २०१२* । पृ. ३४८ । काठमाडौँ : इन्सेक ।

इन्सेक । सन् २०१८ । हत्या, राज्यबाट । *मानवअधिकार वर्ष पुस्तक २०१८* । पृ. ३५५ । काठमाडौँ : इन्सेक ।

गोतामे, सुभाष । २०७४ । मनोज पुनको हत्या कि इन्काउन्टर ? *अन्नपूर्ण पोष्ट*, फागुन १० । http://annapurnapost.com/news मा उपलब्ध; मंसिर २०, २०७५ मा हेरिएको ।

दैनिक जागरण । सन् २०११ । एस.ओ. पंकज शाही वा उपेन्द्र कुमार सिंह फरार । मार्च १५ ।